# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकूद शाखा)
## बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:-२०८३।०८४
च.नं.:-

मितिः२०८३।०४।२०

**विषय विशेषज्ञ सूचीमा नाम दर्ता गराउने सम्बन्धी संशोधित सूचना।**

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने प्रधानाध्यापक नियुक्ति, स्वीकृत शिक्षक दरबन्दी, राहत अनुदान शिक्षक कोटा, प्राविधिक धारतर्फ प्रशिक्षक/ सहायक प्रशिक्षक तथा बालविकास शिक्षक पदमा करार शिक्षक नियुक्तिका लागि शिक्षा नियमावली, २०५९(संसोधन सहित) को नियम ९६(क) बमोजिमको शिक्षक छनौट समितिमा विषय विशेषज्ञको लागि उपनियम ६ बमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले सूचीकृत हुन चाहने **क्याम्पस, विश्वविद्यालयका प्राध्यापक/प्रशिक्षक तथा सामुदायिक विद्यालयका शिक्षकहरुले** सूचीकृत हुन चाहेको तह र विषय खोली मिति २०८३/०५/०१ गते भित्र तपसिल अनुसारको विवरण सहित यस कार्यालयमा निवेदन पेशगर्न हुन अनुरोध छ ।

तपसिल:-

१) शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्रको प्रमाणपत्रका स्वयम् प्रमाणित प्रतिलिपिहरु
२) तालिम प्रमाणपत्रका स्वयम् प्रमाणित प्रतिलिपिहरु
३) स्थायी नियुक्ति पत्रको स्वयम् प्रमाणित प्रतिलिपि
४) नागरिकता प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि
५) वैयक्तिक विवरण ( Bio-data )
६) सम्बन्धित तहमा कम्तिमा ५ वर्ष शिक्षण अनुभव पुष्टयाई हुने सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र
७) विषय विशेषज्ञ हुन योग्य रहेको व्यहोरा सम्वन्धी स्वघोषणा
८) लिखित निवेदन

पुनश्चः- बालविकास तथा आधारभूत तहका लागि शिक्षाशास्त्र विषयमा स्नातक र माध्यमिक तहका लागि शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
माथिल्लो तहमा सूचीकृत भएको विषय विशेषज्ञ तोकिए अनुसार तल्लो तहका निम्ति स्वत: सूचीकृत भएको मानिनेछ ।

लोगराज जोशी
प्रशासकीय अधिकृत

Phone: 099-580221/292 Email:belaurimunicipality@gmail.com Website:https://www.belaurimun.gov.np